# नेपालगञ्ज उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल**

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

## (मिति २०८१।०७।०१ देखि मिति २०८१।०९।२९ गतेसम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगरपञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाऊ विकास समितिहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत्पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाऊपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ । हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ । नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४४( पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उपमहानगरपालिका रहेकोछ ।


### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं

उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरण:

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा,समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्चपदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएकोछ



## (४) निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस उपमहानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा कार्यालयहरु रहेका छन् । उपमहानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचनाअधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस उपमहानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण नेपालगञ्ज उपमहानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ। यस संवन्धी व्यवस्था नेपालगञ्ज उपमहानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस उपमहानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उपमहानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस उपमहानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस उपमहानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उपमहानगरपालिकाले यस आर्थिक वर्षको **२०८१ कार्तिक १ गतेदेखि २०८१ पौष** मसान्तसम्म देहायबमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

### ९.१ प्रशासन, वित्तिय तथा राजश्व व्यवस्थापन :

- जनशक्ति व्यवस्थापन कार्यदलले सवै शाखा/महाशाखा तथा वडाहरुमा स्थलगतरुपमा पुगी सोको व्यवस्थापनका लागि सुझाव सहितको पेश भएको प्रतिवेदन पेश भई सो समेतको उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण नगरसभाबाट स्वीकत भई कार्यान्वयनमा रहेकोछ ।
- यस आर्थिक वर्षको लागि विनियोजित बजेट रु.१ अर्व ७६ करोड ५७ लाख २६ हजार ३४३ मध्ये हालसम्म रु.४५ करोड ८८ लाख ३४ हजार ३७४ (२५.९८ प्रतिशत) वित्तिय प्रगती भएको छ ।
- आन्तरिक राजश्वतर्फ रु.२० करोड ११ लाख अनुमानित आय रहेकोमा यस आर्थिक वर्षको पौष मसान्तसम्म रु ११ करोड ०७ लाख २७ हजार ३१५ (करिव ५५ प्रतिशत) संकलन भएको छ ।

| आ.ब.२०८१।०८२ को अनुमानित आय र २०८१।८२ को कार्तिक देखि २०८१ पौष मसान्त सम्मको यथार्थ आय | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कोड नं. | शीर्षक | आ.ब.२०८१।८२ को अनुमानित आय | आ.ब.२०८१।८२ मा २०८१ असोज मसान्त सम्मको यथार्थ आय | २०८१ कार्तिक देखि २०८१ पौष मसान्त सम्मको यथार्थ आय |
| १ | ११३१३ | सम्पति कर | ५०,०००,०००.०० | २१,८०२,५४१.५८ | १४,०६१,११३.३७ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५५,०००.०० | - | २१०.०० |
| ३ | ११३१७ | वहाल कर | ३४,५००,०००.०० | १०,१९४,२३९.८० | १०,९५७,८४८.६८ |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी ) | १,०००,०००.०० | ५८,०००.०० | ९८६,६६०.०० |
| ५ | ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १,५००,०००.०० | ७८९,८५७.१० | २,८९७,६६७.१३ |
| ६ | ११४७२ | बाँडफाँडबाट प्राप्त हुने बिज्ञापन कर | १,५००,०००.०० | - | १,४२५,०००.०० |
| ७ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | २,०००,०००.०० | ६५६,०००.०० | ७९५,४६०.०० |
| ८ | १४१५१ | सरकारी सम्पतीको बहालबाट | २७,५००,०००.०० | ५,६८६,०५०.०० | ३,२८४,८२४.०० |
| ९ | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त आय | ५००,०००.०० | २३,१८३.०० | १३,०९८.७५ |
| १० | १४२१८ | विद्युत सेवा शुल्क | ८००,०००.०० | ३१७,६८२.७२ | ३२६,०७१.६५ |
| ११ | १४२१९ | अन्य सेवा शुल्क | ४,५००,०००.०० | २,०७१,११६.८८ | १,४५४,१२५.७४ |
| १२ | १४२२४ | परीक्षा शुल्क | ५००,०००.०० | १,४६०.०० | ६३,९९५.०० |
| १३ | १४२४१ | पार्किङ्ग शुल्क | १२,०००,०००.०० | ४,८७०,०००.०० | ५००.०० |
| १४ | १४२४२ | नक्सापास दस्तुर | २८,०००,०००.०० | ३,००६,६१७.३३ | ४,६२१,५६०.०० |
| १५ | १४२४३ | सिफारिश दस्तुर | ९,०००,०००.०० | २,५६२,६७६.०० | २,८४८,८६१.०० |
| १६ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,०००,०००.०० | ३१०,३७०.०० | २६६,२९०.०० |
| १७ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०,०००.०० | २०,३१०.०० | २६,०१०.०० |
| १८ | १४२४९ | अन्य दस्तुर | ४,९९०,०००.०० | ९५१,६६३.०१ | ५११,३९८.१६ |
| १९ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १८,६००,०००.०० | ८,८२७,६०१.०० | २,८६६,५८५.०० |
| २० | १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | २५,०००.०० | ६,१००.०० | १,५५०.०० |
| २१ | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | १००,०००.०० | १६२,६२५.०० | ६१३,००१.७१ |
| २२ | १४५२९ | अन्य राजस्व | १,०००,०००.०० | ११५,४७७.९१ | ३७,१०२.८५ |
| २३ | १५१११ | बेरुजू | २,०००,०००.०० | १४७,९९७.५० | ८६,८१३.३२ |
| | | **कुल जम्मा** | २०१,१००,०००.०० | ६२,५८१,५६८.८३ | ४८,१४५,७४६.३६ |

## ९.२ शिक्षा, युवा तथा खेलकुद महाशाखा

१) नेपालगन्ज उप महानगरपालिका अन्तर्गत  सामुदायिक ४३, धार्मिक(मदरसा र गुरुकुल) ३९, संस्थागत ८० ,सामुदायिक सिकाइ केन्द्र ३ सन्चालनमा रहेका छन ।
२) शै.स.२०८१ मा सामुदायिक र धार्मिक विद्यालय तर्फ जम्मा विद्यार्थी छात्र १२,५८६ छात्रा १५,७७१ गरी जम्मा २८,३५७ विद्यार्थी रहेका छन ।
३) शै.स.२०८१ म आ.वि मा.खुद भर्नादर ९४.४ प्रतिशत र मा.वि.मा खुद भर्नादर ४४.६ प्रतिशत रहेको छ ।
४) यस उप महानगरपालिका अन्तर्गत सन्चालित विद्यालयहरुमा प्रा.वि.मा २६५ जना , नि.मा.वि.मा ७५ जना, मा.वि.मा ५७ जना र साविक उ.मा.वि.मा १८ जना शिक्षककहरु गरी जम्मा ४१५ जना कार्यरत रहेका छन ।
५) आ.व.२०८१।०८२ मा यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित सामुदायिक र  धार्मिक विद्यालयहरुको कक्षा १–५ मा अध्ययनतर विद्यार्थीहरुको लागि दिवा खाजा सन्चालन भैरहेको छ र यस कार्यकमबाट कक्षा १–५ मा अध्ययन गर्ने विद्यार्थीहरुले दिवा खाजा प्राप्त गरिरहेका छन ।
६) यस उप महानगरपालिकाबाट सामुदायिक र धार्मिक विद्यालयमा अध्ययन गर्ने कक्षा १–५ मा अध्ययन गर्ने छात्रा र दलित तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति प्राप्त गरिरहेका छन
७) सामुदायिक तथा धार्मिक(मदरसा र गुरुकुल) विद्यालयका प्रधानाध्यापक तथा लेखा सहायक शिक्षककहरुको सहभागीतामा विद्यालयको लेखा श्रेष्ता सुधार गर्नको लागि लेखा व्यवस्थापन तालिम कार्यशाला सन्चालन गरिएको थियो । जसमा ७१ ज्ना लेखा सहायक र प्रधानाध्यापकहरुको सहभागिता रहेको थियो ।

८) सामुदायिक तथा धार्मिक(मदरसा र गुरुकुल) विद्यालयहरुका शिक्षककहरुको पेसागत क्षमता विकास गर्नका लागि प्रा.वि.तहका शिक्षककहरुका लागि क्षमता विकास तालिम कार्यशाला सन्चालन गरिएको थियो जसमा ६६ जना शिक्षककहरुको सहभागिता थियो ।

९) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएको सम्पूर्ण आ.वि. र मा.वि.विद्यालयहरुको सहभागितामा पालिका स्तरीय राष्ट[illegible]ति रनिङ्शिल्ड खेलाडी छनौट तथा मेयर कप रनिङ्शिल्ड प्रतियोगिता मिति २०८१।०९।१९ देखि २२ गतेसम्म सन्चालन गरिएको थियो ।

१०) विद्यालय नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षणको कार्यहरु भैरहेका छन । यस अवधिमा धेरैजसो सामुदायिक विद्यालयहरु र केही मदरसाहरुको अनुगमन गरिएको थियो ।

११) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुलाई सिकाइ आपुरण तथा द्रुत योजना निर्माण र कार्यान्वयन सम्वन्धमा अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको थियो ।

१३) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको ४–८ मा अध्यापनरत शिक्षककहरुलाई सिकाइ आपुरण तथा द्रुत योजना निर्माण र कार्यान्वयन सम्वन्धमा अभिमुखिकरण तालिम कार्यशाला सन्चालन गरियो । र सोही वमोजिम सवै सामुदायिक विद्यालयहरुमा कक्षा ३–८ को नेपाली , अंग्रेजी, गणित र विज्ञान विषयको परीक्षा सन्चालन गरी विद्यार्थी सिकाइ उपलव्धीको पहिचान गरी द्रुत योजना निर्माण गरी सिकाइ उपलव्धी सुधारका प्रयासहरु भैरहेका छन ।

१४) यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालन भएका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरुको लागि संघीय कार्यकम कार्यान्वयन निर्देशिका २०८१ वमोजिम विद्यालयहरुलाई उपलव्ध गराइने अनुदान उपलव्ध गराइएको र सो को कार्यान्वयनको लागि अनुगमन गर्ने कार्य गरिएको थियो

१५) सामुदायिक र धार्मिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गर्नका लागि वि.व्य.स.अध्यक्षकहरुको क्षमता विकास तालिम कार्यशाला सन्चालन गरिएको थियो । जसमा ६६ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु सहभागी रहेका थिए ।

१६) सामुदायिक तथा धार्मिक विद्यालयहरुको आ.व.२०८०।०८१ को आर्थिक कारोबारहरुको परिक्षण गर्नको लागि यस उप महानगरपालिकामा आशय पत्र पेश गर्ने लेखा परिक्षकहरुलाई नियुक्ति गर्ने कार्य सम्पन्न भएको छ ।

१७) शै.स. २०८१ को आधारभूत तह कक्षा ८ को परीक्षा सन्चालन र व्यवस्थापन गर्नको लागि आवश्यकीय व्यवस्थापकीय कार्य गर्नुका साथै रजिष्टेशन आवेदन फारम भर्ने भराउने कार्य सम्पन्न भएको छ ।

१९ यस नेपालगन्ज उप महानगरपालिकाको पन्च वर्षीय शिक्षा योजना तर्जुमा गर्नको लागि नगर शिक्षा समितिबाट गठन भएको कार्यदलले विभिन्न मितिमा विभिन्न पक्षसंग छलफल, समन्वय, गरी सो को मस्यौदा तयार गरी अन्तिम रुप तयार गर्ने प्रकियामा रहेको छ ।

## ९.३ स्वास्थ्य महाशाखा

- राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्पन्न ।
- पोषण तथा बिधालय पोषण कार्यक्रमको गत आ.व. बार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- अनलाईन अभिलेख तथा प्रतिवेदन (eHIRRS/DHIS2/eLMIS) को अनसाईट कोचिङ
- खोप कार्यक्रमको सुक्ष्म योजना तयार ।
- क्षयरोग कार्यक्रमको बार्षिक समिक्षा कार्यक्रम संचालन ।
- प्रत्येक महिना स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाहरुको अभिलेख तथा प्रतिवेदन सम्बन्धि समिक्षा ।
- बिपन्न नागरिक उपचार सिफारिस संघ तर्फ ३६ जना प्रदेश ११ तर्फ जना ।
- क्षयरोग कार्यक्रमको अनसाईट कोचिङ ।
- अनलाईन अभिलेख तथा प्रतिवेदन (eHIRRS/DHIS2/eLMIS) को अनसाईट कोचिङ
- विश्व एड्स दिवश कार्यक्रम बिभिन्न कर्याकलाप सहित सम्पन्न ।
- नीजि स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण ।

## ९.४ सामाजिक, गै.स.तथा साझेदारी शाखा

- नेपालगञ्ज उपमहानगरपालिकाको गरिबसंग स्थानीय सरकार सञ्चालन कार्यविधि २०८० बमोजिम लक्षित वर्गहरुमा कर्जा लगानी भई गत आ.व. २०८०।०८१ को असार मसान्तसम्म किस्ता बुझाउने

भाखा नाघेका २१० जना ऋणीहरु मध्ये १० जनाले यस अवधिमा कर्जा चुक्ता गरेका । चालू आ.व.को दोस्रो त्रैमासिक अवधिको असुली अवस्था देहाय बमोजिम उल्लेख गरिएको छ : -

| सि.नं. | महिना | सावाँ (रु) | ब्याज (रु) | जरिवाना (रु) | कूल असुली (रु) |
|---|---|---|---|---|---|
| १ | कार्तिक | २,८५,८७६।७० | ९९,०४१।४० | ३५,२८८।८० | ४,२०,२०६।९० |
| २ | मंसिर | ३,६३,९२०।४० | १,६०,४५२।१० | ४८,२६१।५० | ५,७२,६३४।- |
| ३ | पौष | ४,१७,२८१।८० | १,१७,६१०।७० | ४०,०९८।२० | ५,७४,९९०।७० |
| **जम्मा (रु.)** | | **१०,६७,०७८।९०** | **३,७७,१०४।१०** | **१,२३,६४८।५०** | **१५,६७,८३१।५०** |

- नेपालगञ्ज उप-महानगरपालिका र बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समिति नेपालगञ्ज बिच बागेश्वरी मन्दिरमा सन्ध्याकालिन आरती कार्यक्रम वर्षभरि नै सञ्चालन गर्ने र यस कार्यालयले रु ४,००,०००।- उपलब्ध गराउने गरि मिति २०८१।०४।०१ गते द्धिपक्षिय सम्झौता भएको । कार्तिक देखि पौष मसान्त सम्म १३ वटा सोमवार आरती कार्यक्रम सञ्चालन भई अनुमानित १७६५ जना भक्तजनहरु सम्मिलित ।
- नेपालगञ्ज उपमहानगरपालिकाको चालू आ.व. मा ३ (तिन) पटक सार्वजनिक सुनुवाई र गत वर्षको कामको वार्षिक १ (एक) पटक सामाजिक परिक्षण चालू आ.व. भित्र सम्पन्न गर्ने गरि मिति २०८१।०७।२३ गते बागेश्वरी असल शासन क्लव(बास) संग उपमहानगरपालिकाले रु २,५०,०००।- र बास द्धारा ५०,०००।- सहभागिता रहने गरी कूल रु ३,००,०००।- बरावरको द्धिपक्षीय सम्झौता भए अनुरुप मिति २०८१ कार्तिक २९ गते १७९ जनाको उपस्थितिमा ९ बुँदे प्रतिबद्धता सहित सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।
- नेपालगञ्ज उप-महानगरपालिका र नेपाल घरेलू तथा साना उद्योग महासंघ नेपालगञ्ज उपमहानगरपालिका समिति विच मिति २०८१।०८।०५ गते नेपालगञ्ज उप-महानगर क्षेत्रमा नवप्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरि २०८१ माघ मसान्त सम्म सम्पन्न गर्ने गरी यस कार्यालयले रु ७,००,०००।- उपलब्ध गराउने गरी सम्झौता भै कार्यान्वयन चरणमा रहेको छ ।
- नेपालगञ्ज उप-महानगरपालिका र राष्ट्रिय समाचार समिति (रासस) बिच “रासस अवधी मातृभाषा समाचार सेवा” सम्बन्धी ६ महिने (श्रावण देखि पौष मसान्त) कार्यक्रम सञ्चालनका लागि यस कार्यालयले रु २,५०,०००।- उपलब्ध गर्ने गरि मिति २०८१।०८।११ गते सम्झौता भई स्वीकृत प्रस्ताव अनुसारका कार्यक्रमहरु सम्पन्न भएको ।
- यस उप-महानगरपालिकाको वडा नं. १ देखि २३ सम्मका २४ जना सहभागीहरुको सहभागितामा मिति २०८१ मंसिर २३ देखि ३० गते सम्म भर्मिकम्पोष्टमा आधारित प्राङ्गारिक तथा जैविक मल उत्पादन सम्बन्धि ८ (आठ) दिवसीय प्रशिक्षक प्रशिक्षण तालिम शाखाको आयोजनामा सम्पन्न भएको छ ।
- नेपालगञ्ज उप-महानगरपालिका र श्री ध्रुवतारा एजुकेशन प्रा.लि., नेपालगञ्ज विच लोकसेवा आयोगबाट लिईने अप्राविधिक तर्फ खरिदार र नायबसुब्बा पदको प्रतिष्पर्धात्मक परीक्षाको पूर्व तयारी कक्षा अन्तर्गत् ७३ जना प्रशिक्षार्थीहरुका लागि कक्षा सञ्चालन गर्न यस कार्यालयले रु ९,८९,८६०।- उपलब्ध गराउने गरी द्धिपक्षिय सम्झौता भै मिति २०८१।०९।१८ गते देखि ४ महिने कक्षाको शुभारम्भ भै हाल सञ्चालनमा रहेको छ ।
- नेपालगञ्ज उप-महानगरपालिका र सेवा प्रदायक संस्था नेपालगञ्ज इलेक्ट्रिकल एशोसिएसन विच ३० जना प्रशिक्षार्थीहरुलाई ३० दिन (१५० घण्टा) को थ्री फेज तालिम तालिम सञ्चालन गर्न यस कार्यालयले

रु ५,४६,०००।- उपलब्ध गराउने गरी मिति २०८१।०९।२१ गते द्विपक्षिय सम्झौता भै कार्यान्वयन चरणमा रहेको छ ।

- नेपालगञ्ज उप-महानगरपालिका र सेवा प्रदायक संस्था कृष्टिना मल्टिस्किल इन्स्टिच्यूट प्रा. लि. बिच २५ जना प्रशिक्षार्थीहरुलाई ७८ दिन (३९० घण्टा) को फेसन डिजाईनर तालिम सञ्चालन गर्न यस कार्यालयले रु ९,८३,१००।- उपलब्ध गराउने गरी मिति २०८१।०९।२२ गते द्विपक्षिय सम्झौता भै कार्यान्वयन चरणमा रहेको छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत् नेपालगञ्ज वडा नं. १३ र १४ छनौट भै उक्त वडामा घरधुरी सर्वेक्षण, उद्यमशिलता विकास तालिम (टोपे, टोसे तालिम) प्रदानका लागि ३० जना सहभागिहरु छनौट भई ८ दिने तालिम दिने चरणमा रहेको ।

**सुरक्षित आप्रवासन(सामी)कार्यक्रम तर्फ**

**सुचना तथा परामर्श सेवा**

- जिल्लाको आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रमा बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउन आ.व.२०८१ कार्तिक देखि पौष मसान्त सम्म लाभान्वित संख्या ११२४ (पुरुष ८४५, महिला २७९) रहेको छ ।
- यसैगरि यस कार्यालयमा कार्यरत् रिटर्नी स्वयमसेवक मार्फत् उप-महानगरपालिका क्षेत्र भित्रका ४८० जनालाई बैदेशिक रोजगारी सम्बन्धी विभिन्न सूचना, परामर्श सेवा प्रदान गरिएको छ ।
- बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपालगञ्जका सबै २३ वटै वडा कार्यालयको समन्वयमा मिति २०८१ पौष ४ देखि ऐ. २९ गते सम्म सवै वडाको कूल ४८ वटा स्थानमा समुदायस्तरीय गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि सम्पन्न भएको । उक्त कार्यक्रममा १४३७ जनाको सहभागिता रहेको ।

**न्यायमा सहजिकरण**

- बैदेशिक रोजगार सम्बन्धि जम्मा १४ (पुरुष १२, महिला २) जनाले विभिन्न केशहरु (ठगी, अंगभंग) आप्रवासी स्रोतकेन्द्रमा दर्ता गरेका,
- प्रक्रियामा रहेका केश संख्याहरु जम्मा १४ (पुरुष १२, महिला २)

**वित्तीय साक्षरता तथा मनोसामाजिक कक्षा सञ्चालन**

- बैदेशिक रोजगारका रहेका, सम्भावित कामदार, फर्केका व्यक्तिहरुका घरपरिवारका लागि पठाएको विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न, फजुल खर्च कटौती गरी बचत विस्तार गर्न, मनोसामाजिक तथा सामाजिक लाल्छनाबाट विरक्तिएकाहरुलाई परामर्श सम्बन्धी विषयमा कक्षा संचालन हुने गर्दछ र बैदेशिक रोजगारमा गएको संख्याको आधारमा नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ५ र १० छनौट भएको । सो मध्ये वडा नं. ५ मा २५ जना सहभागी सम्मिलित सहभागीहरुलाई मिति २०८१।०८।१२ गते र वडा नं. १० मा २५ जना सहभागी सम्मिलित सहभागीहरुलाई मिति २०८१।०८।१३ गते देखि कक्षा

सञ्चालन भई पौष मसान्त सम्म जम्मा ९-९ वटा सेशन सम्पन्न भै बाँकी कक्षाहरु समेत सञ्चालन भैरहेका छन् ।

**मनोसामाजिक सेवा**

- यस प्रतिवेदन अवधिमा कूल १९ जना महिलाहरुलाई स्थानीय स्तरमा सम्बन्धीत व्यक्तिहरुको घरमै गई मनोसामाजिक परामर्श प्रदान गरिएको । सो मध्ये ४ जनाको अवस्था सामान्य जीवनयापनमा फर्काउन सफल भएको । बाँकी १५ जनालाई नियमित परामर्श प्रदान गरिरहेको छ ।

**आप्रवासी दिवस**

- मिति २०८१।०९।०३ गते (१८ डेसेम्बर, २०२४) सरोकारवालाहरु बिच अन्तरक्रिया, बि.पी.चौकमा मौनधारण र दीप प्रज्वलन कार्य गरि ३४ औं अन्तराष्ट्रिय आप्रवासी दिवस मनाईएको ।

## ९.५ महिला, बालवालिका तथा ज्येष्ठ नागरीक शाखा

| सि. नं | कार्यक्रम विवरण | वर्षिक वजेट रु. | खर्च रकम रुं |
|---|---|---|---|
| १ | समूह गठन परिचालन, | १५,०००। | १५०००। |
| २ | समिति गठन र परिचालन निगरानी समूह र नियमिति सेवा समेत | २५,०००। | २५०००। |
| ३ | महिला समूह सदस्यको अनुशिक्षण ३ दिने | ४,०००००। | ३९७०००। |
| ४ | महिला संस्था,समूह र समितिका पदाधिकारीहरुलाई आधारभूत तालिम ७ दिने । | २५०,०००। | २५०,०००। |
| ५ | लैगिंक हिंसा निवारणको लागि निगरीी समूहलाई अनुशिक्षण ३ दि (तिन समूहमा) | ३,२०,०००। | ३०१०००। |
| ६ | जेसी अडिट | ५०,०००। | भूक्तानी वाँकी |
| ७ | अन्य वैठक | २५०,०००। | भूक्तानी वाँकी |
| ८ | अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण शिविर सञ्चालन र व्यवस्थापन | २,५०,०००।- | भूक्तानी वाँकी |
| ९ | महिला विकास कार्यक्रम अर्न्तगत महिला समिति,संस्थाका अध्यक्ष एवं व्यवस्थापक वीच अर्ध वार्षिक अर्न्तक्रिया २ दिने | १८०,०००। | ८८०००। |
| १० | महिला जनप्रतिनिधिहरुलाई नयाँ कानूनी व्यवस्था तथा सिड्अ र प्रस्ताव नं १३२५र १८२० सम्बन्धी क्षमता विकास तालिम | २,०००००। | १६९०००। |
| ११ | आमावुवा चौतारी कार्यक्रम | २,०००००। | १७९,०००। |
| | **जम्मा** | **१८९०,०००।** | **१४२४०००।** |

## ९.७ पन्जिकरण शाखा

ल्ला

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी | | बसाई सरी | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ११ | ११ | | २२ | ५ | १ | | ६ | १ | ९ | ९ | २६ | १ | ३ | | ४८ |
| २ | २३ | ११ | | ३४ | ४ | ३ | | ७ | २ | १४ | ६ | १६ | ९ | ३१ | | ७२ |
| ३ | ४ | ७ | | ११ | ३ | १ | | ४ | | ६ | १ | ५ | १ | ५ | | २३ |
| ४ | १४ | १० | | २४ | ३ | ८ | | ११ | १ | २० | १५ | ४७ | ८ | २१ | | ७९ |
| ५ | १४ | ११ | | २५ | ६ | २ | | ८ | २ | ११ | १ | ३ | १ | ३ | | ४८ |
| ६ | १३ | १२ | | २५ | ४ | ३ | | ७ | | ११ | ६ | २१ | ३ | ३ | | ५२ |
| ७ | ६ | ४ | | १० | २ | ५ | | ७ | १ | ३ | १ | ५ | ७ | १७ | | २९ |
| ८ | १२ | ६ | | १८ | ९ | २ | | ११ | | १४ | | | ३ | ७ | | ४६ |
| ९ | ११ | ४ | | १५ | ३ | ५ | | ८ | | ७ | २ | ७ | २ | २ | | ३४ |
| १० | १२ | ३ | | १५ | ४ | २ | | ६ | १ | १३ | ९ | २७ | ५ | १३ | | ४९ |
| ११ | १२ | ८ | | २० | १२ | ६ | | १८ | | १५ | १ | ४ | ३ | ५ | | ५७ |
| १२ | १५ | ८ | | २३ | ५ | २ | | ७ | १ | ८ | ६ | २० | ४ | १४ | | ४९ |
| १३ | २६ | २८ | | ५४ | ३ | ६ | | ९ | १ | ९ | २ | ६ | ३ | ७ | | ७८ |
| १४ | २३ | १९ | | ४२ | २ | २ | | ४ | | १४ | | | | | | ६० |
| १५ | १२ | १२ | | २४ | ६ | ३ | | ९ | २ | १० | | | | | | ४५ |
| १६ | २९ | २७ | | ५६ | ३ | २ | | ५ | १ | १८ | | | २ | १० | | ८२ |
| १७ | १६ | १० | | २६ | ९ | | | ९ | | ६ | २ | ४ | | | | ४३ |
| १८ | ११ | ९ | | २० | ९ | ५ | | १४ | १ | ११ | ८ | २५ | ६ | १२ | | ६० |
| १९ | १२ | १६ | | २८ | १० | ७ | | १७ | | १० | ७ | २४ | ३ | १२ | | ६५ |
| २० | २९ | २७ | | ५६ | १२ | ४ | | १६ | ४ | ३० | ७ | २२ | २ | ७ | | ११५ |
| २१ | २८ | २३ | | ५१ | ५ | २ | | ७ | ३ | १२ | २ | २ | ३ | ७ | | ७८ |
| २२ | ९ | ११ | | २० | २ | ६ | | ८ | | ६ | ३ | ११ | | | | ३७ |
| २३ | ९ | ११ | | २० | ३ | १ | | ४ | | ५ | | | १ | १ | | ३० |
| ज | ३५१ | २८८ | ० | ६३९ | १२४ | ७८ | ० | २०२ | २१ | २६२ | ८८ | २७५ | ६७ | १८० | ० | १२७९ |

## ९.६ सहकारी शाखा

| क्र.सं. | विवरण | कार्यन्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| **सम्पन्न भएका कार्यक्रमहरुः** | | | |
| १ | सुचना प्रविधि कार्यक्रम (२ दिन) | सम्पन्न भएको | ३० वटा सहकारी |

| | | | |
|---|---|---|---|
| २ | सहकारी शिक्षा कार्यक्रम (६ दिन) | सम्पन्न भएको | ६ वटा सरकारी विद्यालय |
| **कार्यान्वयन भइरहेका क्रियाकलापहरु :** | | | |
| १ | नियमित अनुगमनबाट समस्या देखिएको संस्थाको सघन अनुगमन | कार्यान्वयनमा भईरहेको | ३ वटा सहकारी |
| २ | प्रत्येक सहकारी संस्थाको कम्तीमा वर्षमा एकपल्ट नियमित अनुगमन | कार्यान्वयनमा भईरहेको | ८ वटा सहकारी |

## ९.८ <u>सामाजिक सुरक्षा शाखा तथा</u>

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (वडा नं.१ देखि २३)सम्मका लक्षित समुहहरु :**
अन्य जेष्ठ नागरिक भत्ता (६८ वर्ष), जेष्ठ नागरिक भत्ता, जेष्ठ नागरिक एकल महिला भत्ता, विधवा भत्ता, पुर्ण अपाङ्ता भत्ता, अति अशक्त अपाङ्ता भत्ता, दलित बालबालिका भत्ता, लोपोन्मुख जाति भत्ता रहेका छन् ।

- **<u>दोस्रो किस्ता अन्तर्गत</u>**
  - कुल लाभग्राही संख्याः **११८१६**
  - विनियोजित बजेटः **रु.१०,७६,०८,००१/-** (अक्षेरुपी दश करोड छेहत्तर लाख आठ हजार एक रुपैया मात्र ।)
- **<u>प्रथम त्रैमासमा छुट अन्तर्गत</u>**
  - कुल लाभग्राही संख्याः **१००**
  - विनियोजित बजेटः **रु.६,३४,१५६/-** (अक्षेरुपी छ लाख चौतिस हजार एक सय छपन्न रुपैया मात्र ।)
- EFT द्वारा दोस्रो किस्ताको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको खातामा जम्मा भइसकेको तर प्रथम किस्ता अन्तर्गतको छुट विनियोजित रकम निकासाको प्रकृयामा रहेको ।
- ५ वटा सरकारी विद्यालयमा विभिन्न मितिमा विद्यालयमा सामाजिक सुरक्षा तथा पञ्जिकरण सचेतना कार्यक्रम सम्पन्न गरियो ।

## ९.९ रोजगार सेवा केन्द्र

- यस आ.व २०८१/८२ मा २५३ महिला २११ पुरुष गरी जम्मा ४६४ जना सुचिकृत भएको,
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अन्तर्गत ३ जना मृत्यु, २ जना बिरामी अंगभंग र १६ जना छात्रवृत्तिको लागि सहजीकरण गरिएको,

- वैदेशिक रोजगारीको लागि ७१ जनाको श्रम स्वीकृतिको सहजीकरण गरिएको,
- कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम/जीवन उपयोगी सीप (प्लम्बर र डकर्मी) तालिमको लागि सहभागी तथा सेवा प्रदायक छनौट गरिएको,
- कामका लागि पारश्रमिकतामा आधारित सामुदायिक आयोजनामा ७० जना सुचिकृत बेरोजगार व्यक्तिहरु विविन्न वडामा काममा खटाईएको

## ९.१० भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

| सि.न | २०८१ श्रावण देखि पौष मसान्त सम्म को नक्शा प्रगती बिबरण | जम्मा |
|---|---|---|
| १ | प्लिन्थ लेभल ईजाजत | ११८ |
| २ | सुपरस्टक्चर ईजाजत | १२२ |
| ३ | सम्पन्न प्रमाणपत्र | १२७ |
| ४ | नक्शा नामसारी | ६७ |
| ५ | जम्मा दर्ता श्रावण देखी पौष मसान्त सम्म | २१६ |

## ९.११ भूमि व्यावस्थापन शाखा

| क्र.सं. | कार्यको विवरण | परिणाम | अवस्था |
|---|---|---|---|
| १. | १०(दश) दिने Basic GIS तालिम | १(एक) | सम्पन्न |
| २. | आपतकालीन नक्सा तयार कार्यक्रम सुरुवात | १(एक) | सुरुवात |
| ३. | बाटो रेखांकन | २० (बिस) | सम्पन्न |
| ४. | सार्वजनिक जग्गा सम्बन्धि विवाद | ३०(तिस) | सम्पन्न |
| ५. | घर नक्सा सम्बन्धि मापदण्ड एकिन गर्ने कार्य | १५०(एक सय पचास) | सम्पन्न |
| ६. | बाटो प्रमाणित | १२०(एक सय बिस) | सम्पन्न |
| ७. | घर बास मिनाहा | ५०(पचास) | सम्पन्न |
| ८. | जग्गा सम्बन्धि तेरो मेरो बिबाद | ७०(सत्तरी) | सम्पन्न |

## ९.१२ नगर प्रहरी शाखा

| क्र. | विवरण |
|---|---|

| सं. | |
|---|---|
| १ | नगर क्षेत्र भित्र सर्वसाधारणको सहजताको लागि बजार क्षेत्र भित्र हुने अतिक्रमणहरु नियमित रुपमा हटाउँने कार्य गरिएको । |
| २ | नियमित नगर अनुगमन गर्ने क्रममा बिना नक्सा,मापदण्ड विपरीत अवैधानिक तरिकाले निर्माण हुन लागेको निर्माण कार्य रोक्का राख्न लगाई आवश्यक कारबाहीका लागि कानुन शाखालाई प्रतिवेदन लेखि पेश गरेको । |
| ३ | सेवाग्राहीले दर्ता गराएको उजुरी निवेदन उपर स्थलगत निरीक्षण गरी आवश्यक कारबाहीको लागि प्रतिवेदन लेखन गरी सम्बन्धित शाखामा पठाईएको । |
| ४ | नगर क्षेत्र भित्र हुने अस्तव्यस्त र ट्राफिकजामलाई मध्यनजर गरी नगरका विभिन्न चोकहरु तथा बसपार्क समेतमा नगर प्रहरी खटाईएको । |
| ५ | सुर्खेत रोड अर्न्तगत जमुनाहा देखि मनिकापुरसम्म भित्रि बजार क्षेत्र भित्र रहेका समय नाघेका ब्यानरको पहिचान गरी हटाईउँने कार्य गरेको । |
| ६ | नगर क्षेत्र भित्र जथाभावी फोहोरमैला फाल्ने व्यक्तिहरुलाई पहिचान गरी जरिवाना समेत गरिएको । |
| ७ | शिक्षा,युवा तथा खेलकुद महाशाखाको आयोजनामा संचालन भएको राष्ट्रपति तथा मेयर कप रनिङ शिल्ड खेलकुद प्रतियोगितामा आवश्यक सुरक्षाको लागि डिउटी खटाईएको । |
| ८ | नेपालगन्ज उप-महानगरपालिका भित्र हुने सभा समारोह,चाडपर्वमा समेत आवश्यक सुरक्षा तथा व्यवस्थापन गर्ने कार्य गरेको । |
| ९ | सार्वजनिक आवागमनमा बाधा पुऱ्याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोध हटाउँन लगाएको । |
| १० | नेपालगन्ज उप-महानगरपालिका अन्तरगतका १ देखि २३ वटै वडाहरुमा लामखुट्टे नियन्त्रणका लागि Bacto Power–Bti विषादी छरी लामखुट्टेको लार्भा नष्ट नगर्ने कार्य गरिएको । |
| ११ | नगरका विभिन्न क्षेत्र भित्र विकास निर्माणमा अवरोध बनेका तथा मापदण्ड विपरीत बनेका अवैध संरचनाहरु नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयको आदेश बमोजिम हटाउँने कार्य गरिएको । |
| १२ | यस नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र सडक,बाटो,चोक तथा बजार भित्र अस्तव्यस्त तरिकाले ट्राफिक जाम गरी छरिएर रहेका ठेलाहरुलाई हटाउँने कार्य गरिएको । |
| १३ | नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गरिएको । |

**नगर प्रहरी शाखाबाट अनुगमन तथा सेवाग्राहीले दिएको निवेदन उपर कार्य सम्पादन गरिएको संख्या ।**

| महिना | सेवाग्राहीको उजुरी निवेदनको संख्या | आवश्यक कारबाहीको लागि सम्बन्धि शाखालाई प्रतिवेदन दिएको संख्या |
|---|---|---|
| कार्त्तिक | १५ | १५ |
| मंसिर | २० | २० |

| | | |
|---|---|---|
| पुस | २३ | २३ |
| **जम्मा=** | **५८** | **५८** |

**बजार क्षेत्र भित्र सडक पेटी अतिक्रमण गरी राखिएका व्यवसायिक प्रयोजनका सामाग्रीहरुलाई नियन्त्रणमा लिई चेतावनी स्वरुप जरिवाना गरिएको मासिक विवरण ।**

| महिना | जरिवाना रकम रु. | कैफियत |
|---|---|---|
| कार्त्तिक | २९००।- | |
| मंसिर | १७००।- | |
| पुस | १३००।- | |
| **जम्मा =** | **५,९००।-** | |

**नो पार्किङ क्षेत्रमा पार्किङ गरी राखेका सवारी साधनलाई चेतावनी स्वरुप गरिएको जरिवानाको विवरण ।**

| महिना | जरिवाना रकम रु. | कैफियत |
|---|---|---|
| कार्त्तिक | २५०।- | |
| मंसिर | २०००।- | |
| पुस | १,०००।- | |
| **जम्मा =** | **३२५०।-** | |

**नगर क्षेत्र भित्र जथाभावी फोहोर मैला फाल्ने उपर गरिएको जरिवाना विवरण ।**

| महिना | जरिवाना रकम रु. | कैफियत |
|---|---|---|
| मंसिर | १०,०००।- | |
| पुस | ५,०००।- | |
| **जम्मा =** | **१५,०००।-** | |

**ई-रिक्सा व्यवस्थापन गर्ने क्रममा नियन्त्रण लिइएको,फिर्ता गरिएको हालसम्मको विवरण ।**

| **क्र.सं.** | **विवरण** | **संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | **जम्मा नियन्त्रणमा लिईएको** | **१०९०** | |
| २ | **फिर्ता गरिएको ।** | | |
| | प्रक्रिया पुऱ्याएर फिर्ता गरिएको | ९९७ | |
| | पुन :प्रयोग नहुने गरी फिर्ता गरिएको | ९० | |
| | **जम्मा फिर्ता गरिएको** | **१०८७** | |
| ३ | **जम्मा बाँकी** | **३** | |

## ९.१३ बारुणयन्त्र शाखा

| सि. नं. | आगलागी भएको मिति | सुचना प्राप्त समय | आगलागीको बिबरण (स्थान, कारण, किसिम) |
|---|---|---|---|
| १ | २०८१।७।१४ | राति ०१५०वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.१ धम्बोजी स्थित चन्द्र बहादुर प्याकुरेलको घरमा तिहारमा रोटी पकाउंन लागिरहेको बेलामा अचानक ग्यांस सिलिण्डरबाट आगोलागी भएको खबर प्रहरीबाट प्राप्त हुनासाथ दमकल सहित फायर फाईटिङ्.ग टिम गई आगोलागी पुर्ण रुपमा नियन्त्रण गरेर फर्केको । आगलागीबाट कोठामा भएका केही सामानहरु जलेर सामान्य क्षति भएको । |
| २ | २०८१।८।१ | राति १९३५ बजे | नेपालगंज उप-महानगरपालिका वडा नं.२२ शान्ति चोक स्थित बालाजी होम पाईप कारखाना भित्र स्टोर गरि राखेको कवाड टायरमा आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । |
| ३ | २०८१।८।४ | दिउसो १३४०वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.१४ भवानीपुर स्थित मेडिकल कलेजको नर्सरी भित्र स्टोर गरि राखेको कवाड सामान र नर्सरीमा अगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । |
| ४ | २०८१।८।१६ | राति ०१००वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.१ धम्बोजी स्थित राम चन्द्र गोडियाको गोठमा बिधूत लाईन सर्ट भई आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेको । आगोलागीबाट गोठ र पराल जलेर छति भएको । |
| ५ | २०८१।८।१९ | राति २०३५वजे | खजुरा गाउं पालिका वडा नं.७ बठवा स्थित राम किसोर यादबको खेतमा रहेको धान र परालको कुन्युमा आगोलागी भएको खबर प्रहरीबाट प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दुई दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी पूर्णरुपमा नियन्त्रण गरेर पर्केको आगोलागीबाट एउटा धान सहितको कुन्यू र ६ वटा परालको कुन्यू जलेर छति भएको । |
| ६ | २०८१।८।२० | दिउंसो १३००वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.११ वडा कार्यलय नजिक कुंडा (फोहरको थुप्रो)मा आगलागी भएको खबर वडा कार्पालयबाट प्राप्त हुनासाथ फायर वाईक टिम गई आगोलागी नियन्त्रणमा सहयोग गरेको । |
| ७ | २०८१।८।३० | दिउंसो १४१५वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.२ घम्बोजी स्थित रोयल क्राउन रेष्टूरेन्टमा अचानक ग्यांसबाट आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रमा सहयोग गरको । आगोलागीबाट किचेनमा सामान्य क्षति भएको । |
| ८ | २०८१।९।२ | दिउसो १२२७वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.२१ बिर्ता स्थित दिनेश यादबको घर नजिक रहेको परालको कुन्युमा आगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । |

| | | | |
|---|---|---|---|
| ९ | २०८१।९।४ | सांझ १६४३ वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.८ महेन्द्र पार्क स्थित आशा कस्यपको घरमा बिधूत लाईन सर्ट भई आगोलागी हुंदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रमा सहयोग गरेको । |
| १० | २०८१।९।२० | दिउसो १२५८वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.६ फुलटेक्रा वडा कार्यलय नजिक हिरालाल केवतको घरमा बिधूत लाईन सर्ट भई आगोलागी हुंदा वडा अध्यक्षबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी नियन्त्रण गर्न सहयोग गरेको । |
| ११ | २०८१।९।२२ | राति ०११०वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.१ चन्दननाथ मार्ग स्थित मन्जु गुरुङ्.गको आफ्नै घरमा संचालन गर्दै आएको बंसिका जनरल स्टोर एण्ड कस्मेटिक पसलमा राति अचानक बिधूत लाईन सर्ट भई आगोलागी हुंदा प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी पूर्णरुपमा नियन्त्रमा नियन्त्रण गरेर फर्केको । आगोलागीबाट उक्त पसलमा रहेका कस्मेटिक सामान, डेकोरेसन सामान, र्याग र जिप्सन जलेर नष्ट भएको । |
| १२ | २०८१।९।२५ | बिहान ०८४०वजे | नेपालगंज उप-महानगरपालिका वडा नं.१२ सुर्खेत रोड स्थित नेपाल ट्रेड ईन्टरनेशनल ई रिक्सा व्यार्टी पसलमा बिधूत लाईन सर्ट भई आगोलागी हुंदा नगर प्रहरी प्रहरीबाट खबर प्राप्त हूनासाथ यस बारुणयन्त्र शाखाबाट दमकल सहित फायर फाईटिङ्ग टिम गई आगोलागी पुर्णरुपमा नियन्त्रण गरेर फर्केको । आगोलागीबाट उक्त पसलमा रहेका ई रिक्सामा प्रयोग हूने केही व्याट्रि र केही अन्य सामानहरु जलेर क्षेत्री भएको । |

## ९.१४ योजना तथा बजेट महाशाखा

- रत्नराजमार्गमा शौन्दर्यकरणको कार्य अन्तर्गत वि.पि चोकदेखि धम्बोजी चोकसम्म मिडियम व्यवस्थापन (Medium fencing) को कार्य सम्पन्न ।
- बागेश्वरी मन्दिरमा अवस्थित जुँगे महादेवको मन्दिर जाने पुलको निर्माण कार्य सम्पन्न भई रङ्गरोगन लगायत Phase 2 को कार्य सुकारु भएको छ ।
- नेपालगंज उप-महानगरपालिका वडा नं २ स्थित निर्माणद्धिन १०८ फिटे हनुमानको मुर्ति कार्यको जग र पोडियमको सम्पुर्ण कार्य सम्पन्न भई मुख्य मुर्ति निर्माण कार्य सुचारु भएको छ ।
- बसपार्कमा Cooling Center को निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं २३ को कार्यालय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

## ९.१५ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन

**Local Government Institutional Capacity Self-Assessment (LISA)**

- नेपालगंज उप महानगरपालिकाको आ.ब.२०८०।०८१ अन्तर्गतको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८३.२५ प्रतिशत अंक निर्धारण गरी पृष्ठपोषणको कार्य सम्पन्न गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिएको ।

## ९.१६ स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र नेपालगञ्ज

- बहुप्रकोपिय विपद् सम्वन्धि जनचेतना अभियान संचालन भएको
- विपद् व्यवस्गापनमा संस्थागत विकासका निमित्त आवश्यक नीति, कार्यविधिको कार्यान्वयन साथै स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रको संचालन
- विषयगत क्षेत्र अन्तरगत सवै महाशाखा तथा शाखाको विपद् जोखिम न्यूनीकरणको योजना कार्यान्वयन गरिएको
- विपद् जोखिम न्यूनिकरण विमा कार्यक्रमलाई संचालन भैरहेको ।
- समुदायका ४०० स्वयमसेवक तयार गरि तालीम उपलव्ध गराइएको
- पुराना इनारहरुलाई मर्मत सम्भार गरिएको साथै आगलागिका वेला दमकलमा पानी भर्न मिल्ने गरि संचालन गरिएको
- विद्यालयमा बृहत्तर सूरक्षा योजना कार्यान्वयन शुरु गरिएको ।
- भूकम्पिय तथा आगलागीजन्य विपदद्धारा समुदायमा अभियान संचालन

## ९.१६ न्यायिक समितिमा उजुरी दर्ता र फर्स्यौट अवस्था :

| क्र.सं. | मिति | वडा नं. | प्रथम पक्ष | दोश्रो पक्ष | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८१.०४.०१ | २ | राज कुमार गुभाजु | तेज कुमार गुभाजु | आवश्यक कारवाही | निर्णय |
| २ | २०८१-०४-०१ | १४ | शम्भु प्रसाद पासी | राधेश्याम मित्रा | आवश्यक कारवाही | प्रक्रिया |
| ३ | २०८१-०४-०३ | १५ | अमन सिंह नेपाली | शिशुल कुमार नेपाली समेत | आवश्यक कारवाही | प्रक्रिया |
| ४ | २०८१-०४-१४ | ८ | नगर प्रहरी शाखा | नान बाबु राई | आवश्यक कारवाही | ठाडो उजुरी, प्रक्रिया |
| ५ | २०८१-०४-१६ | २० | रामदीन कुर्मी समेत ४ जना | ईद्रीस मनिहार | अवैध निर्माण कार्य रोक्का सम्बन्धमा | प्रक्रिया |
| ६ | २०८१-०४-१८ | २१ | राज कुमार गुप्ता | चन्द्रमान गुप्ता | आवश्यक कारवाही | प्रक्रिया |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २०८१-०४-१८ | ६ | कलिम अहमद जोलाह | बदरुद्दुजा खाँ समेत | आवश्यक कारवाही | प्रक्रिया |
| ८ | २०८१-८-३२ | १९ | सिता वि.क./समेत | सुमित्रा गुप्ता | निर्माण कार्य रोक्का सम्बन्धमा | प्रक्रिया |
| ९ | २०८१-०५-०६ | २१ | सुफिया कोरी | विद्याराम कोरी समेत | आवश्यक कारवाही | प्रक्रिया |
| १० | २०८१-०५-१२ | ५ | नजर मो.शेष | सद्दाम हुसन हल्वाई | आवश्यक कारवाही | प्रक्रिया |
| ११ | २०८१-०५-१६ | ९ | गोम्ती गोडिया | राजु गोडिया | निर्माण कार्य रोक्का सम्बन्धमा | प्रक्रिया |
| १२ | २०८१-०५-१६ | १७ | भगोले धोवी | कैलाश धोवी समेत | झिकी बुझी घरजग्गाको भोग चलन गराई घर बहाल दिलाई पाऊ | प्रक्रिया |
| १३ | २०८१-०५-२७ | १० | निर्मल कुमार शुक्ला | ईरफान हल्वाई समेत जना ३ | ज्याला तथा क्षतिपर्ति दिलाई पाऊ | प्रक्रिया |
| १४ | २०८१-०५-३० | १५ | शाहादत अलि साई | मनिराम खटिक समेत ३ | आवश्यक कारवाही | प्रक्रिया |
| १५ | २०८१-०५-३० | १३ | अनन्त नाथ भट्टराई | ध्रुव मौरिया | ज्यू ज्यानको सुरक्षा गरि रकम असुल गराई पाऊ | मिलापत्र |
| १६ | २०८१-०६-१० | ०६ | मधुर पाठक | श्याम भारथी समेत | सार्वजनीक जग्गा खाली गराई पाऊ | प्रक्रिया |
| १७ | २०८१-०६-१३ | २० | पुल्लु अहिर | किशोरी अहिर | आवश्यक क्षतिपूर्ति दिलाई पाऊ | प्रक्रिया |
| १८ | २०८१-०६-१४ | २१ | आरिफ भुजुवा | आस्मीन भुजवा | आवश्यक छलपल गराई पाऊ | प्रक्रिया |
| १९ | २०८१-०६-२३ | १५ | सतनाम सिंह समेत | परमजित सिंह | निर्माण कार्य रोक्का सम्बन्धमा | प्रक्रिया |
| २० | २०८१-०७-०४ | ११ | कमल कुमार शाहु | देवि प्रसाद रस्तोगी | सहजिकरण सम्बन्धमा । | प्रक्रिया |
| २१ | २०८१-०८-२७ | ८ | जाकिर अलि कबडिया समेत ६ जना | जयनेन्द्र टण्डन | विवाद टुंगाई सिफारिस गरि पाऊ | प्रक्रिया |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | २०८१-०९-०३ | ४ | रासिद अलि कसगर | पुष्पा देवी बनिनि | बाटो कायम गरि पाऊ | प्रक्रिया |
| २३ | २०८१-०९-०३ | २० | लक्ष्मी रेग्मी | डा.अवनिन्द्र दत्त मिश्र | जग्गा खिचौला मिटाई पाऊ | प्रक्रिया |
| २४ | २०८१-०९-०४ | ४ | शाहिन खाँ | हनिफ सल्मानी | जग्गा अतिक्रमण सम्बन्ध | प्रक्रिया |
| २५ | २०८१-०९-०८ | ५ | अमित कुमार वैश्य | राजेन्द्र खटिक | आवश्यक कार्यवाही सम्बन्धमा | प्रक्रिया |
| २६ | २०८१-०९-११ | १ | नसिबुन मनिहार | रिजवान अहमद शेष | जालसाझी गरि लिएको रकम फिर्ता गराई पाऊ | प्रक्रिया |
| २७ | २०८१-०९-१४ | ७ | गुलब्सा दर्जी | हिदायत ईद्रिसी | न्याय निरुपर्ण गरि पाऊ | प्रक्रिया |
| २८ | २०८१-०९-१४ | ४ | राज कुमार बस्याल | सलिम हल्वाई | अबैद संरचना हटाई पाऊ | प्रक्रिया |
| २९ | २०८१-०९-२२ | २१ | कुन्ता देवी पुन | जितेन्द्र पुन | छलफल गराई पाऊ | प्रक्रिया |
| ३० | २०८१-०९-२८ | १७ | शालिक राम पाठक | वाहिद अलि अन्सारी | आवश्यक कारवाही | प्रक्रिया |
| ३१ | २०८१-०९-२८ | १८ | विर बहादुर बुढा | निर्मला बर्मा | हकभोग सम्बन्धमा | प्रक्रिया |
| ३२ | २०८१-०९-२९ | १४ | अन्जली बर्मा/परमनि बानो हल्वाई | इस्लामुद्दिन राई/ लियाकत साई | आवश्यक कारवाही | प्रक्रिया |

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नाम,थर : ओमबहादुर खड्का
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : nepalgunjmun@gmail.com
सम्पर्क नम्बर : ९८५८०६६१११

गुनासो सुन्ने अधिकारीको नाम,थर : लोकेन्द्र वहादुर शाही
पद : शिक्षा अधिकृत (सातौंतह)
सम्पर्क नम्बर : ९८५१२४३४९१

इमेल ठेगाना : lokendailekh@gmail.com

सूचना अधिकारीको नाम,थर : खिमानन्द अर्याल
पद : बरिष्ठ आन्तरिक लेखापरीक्षण अधिकृत(सातौंतह)
सम्पर्क नम्बर : ९८५८०३२६९०
इमेल ठेगाना : io.npjmun@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

नेपालगञ्ज उपमहानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

| सि·न | कानून निर्मण | सभाबाट स्वीकृत मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| **ऐन** | | | |
| १ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | २०७५ चैत्र ११ | २०७५ चैत्र ११ |
| २ | नेपालगञ्ज ९आर्थिक ऐन) २०७६ | २०७६ असार १९ | २०७६ असार १९ |
| ३ | विनियोजन ऐन २०७६ | २०७६ असार १९ | २०७६ असार १९ |
| ४ | फोहोरमैला व्यवस्थापन ऐन २०७५ | | |
| ५ | सहकारी ऐन, २०७४ | २०७४ मंसिर ८ | २०७४ मंसिर ८ |
| ६ | आर्थिक ऐन, २०७७ | २०७७ असार १० | २०७७ असार १० |
| ७ | नेपालगञ्ज उप-महानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ | २०७७ माघ १५ | २०७७ माघ १५ |
| ८ | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७७ | २०७७ माघ १५ | २०७७ माघ १५ |
| ९ | आर्थिक ऐन २०७८ | २०७८ असार ९ | २०७८ असार ९ |
| १० | सुशासन ऐन | २०७९ असार ९ | २०७९ असार ९ |
| ११ | कर्मचारी समायोजन ऐन | २०८० असार ९ | २०८० असार ९ |
| १२ | आर्थिक ऐन | २०८० | २०८० |
| १३ | आर्थिक ऐन | २०८१ | २०८१ |

| | | | |
|---|---|---|---|
| **१४** | आय व्यवस्थापन तथा नियमन ऐन | २०८१ | २०८१ |
| **१५** | नगर प्रहरी ऐनः दोश्रो संसोधन | २०८१ | २०८१ |
| | **नियमावली** | | |
| **१** | नगरसभा गठन नियमावली २०७५ | २०७५ चैत्र ११ | २०७६ चैत्र ११ |
| **२** | सार्वजनिक खरिद नियमावली | २०७६ साउन २३ | २०७७ साउन २३ |
| **३** | सहकारी नियमावली २०७६ | २०७७ असार २४ | २०७८ असार २४ |
| **४** | नगरबस संचालन तथा व्यवस्थापन कार्याविधि २०७५ | २०७५ माघ २८ | २०७६ माघ २८ |
| **५** | सार्वजनिक खरिद नियमावली २०७७ | २०७७ पौष २ | २०७८ पौष २ |
| **कार्यविधि** | | | |
| **१** | स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७६ जेठ २ | २०७६ जेठ २ |
| **२** | नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५ माघ १० | २०७५ माघ १० |
| **३** | वालक्लव र वालक्लव सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |
| **४** | वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५ | २०७५ माघ २८ | २०७५ माघ २८ |
| **५** | वालकोष सञ्चालन कार्यविधि २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |
| **६** | वालवालिकाको हक अधिकार संरक्षण र सम्वद्र्धन गर्ने सम्वन्धी कार्यविधि २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |
| **७** | लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७५ | २०७६ असार १८ | २०७६ असार १८ |
| **८** | विपद व्यवस्थापन कोष कार्यविधि २०७६ | २०७६ असार १८ | २०७६ असार १८ |
| **९** | अपाङ्ग भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |
| **१०** | अपाङ्गता भएका व्यक्तिहरुको व्यवस्थापन तथा पहिचान सम्वन्धी कार्यविधि २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |

| | | | |
|---|---|---|---|
| ११ | महिला विकास कार्यक्रमको परिचय उद्देश्य र कार्यान्वयन कार्यविधि २०७६ | २०७६ असार १८ | २०७६ असार १८ |
| १२ | ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ | २०७७ असार ८ | २०७७ असार ८ |
| १३ | आधारभूत तह (कक्षा-८) विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशक कार्यविधि -२०७८ | २०७८ जेठ ७ | २०७८ जेठ ७ |
| १४ | बलिकाशिक्षा र बालबिबाह न्यूनिकरण मुद्यतीखाता योजना कार्यक्रम संचालन कार्यविधि | २०७८ असार १ | २०७८ असार १ |
| १५ | ई–रिक्सा संचालन व्यवस्थापन तथा नियमन कार्यविधि | २०७८ असार ९ | २०७८ असार ९ |
| १६ | जग्गा रेखाङ्कन कार्यविधि | २०७८ असोज ११ | २०७८ असोज ११ |
| १७ | किशोरी विकास कार्यक्रम संचालन कार्यविधि | २०७८ कार्तिक ९ | २०७८ कार्तिक ९ |
| १८ | लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष संजाल गठन तथा परिचालन सम्बन्धि कार्यविधि | २०७८ चैैत्र १७ | २०७८ चैैत्र १७ |
| १९ | लैङ्गिक समानता निति, तथा कार्यान्वयन कार्यविधि | २०७८ चैत्र १७ | २०७८ चैत्र १७ |
| २० | नेपालगंज उप-महानगरपालिक ज्येष्ठ नागरिक कल्ब तथा संचालन गठन सम्बन्धि कार्यविधि | २०७८ चैत्र १७ | २०७८ चैत्र १७ |
| २१ | विपद व्यवस्थापन कोष कार्यविधि २०७६ | २०७६ अषाढ १८ | २०७६ अषाढ १८ |
| २२ | विपद राहत वितरण सम्बन्धी माप दण्ड | २०७८ ११ असोज | २०७८ ११ असोज |
| २३ | टोल स्तरिय संस्था गठन तथा संचालन कार्यविधि | २०७८ पुष १३ गते | २०७८ पुष १३ गते |
| २४ | महिला कले संचालन सम्बन्धी विनियम | २०७८ असार १० गते | २०७८ असार १० गते |
| २५ | नेपालगंज उप-महानगरपालिकाको ज्येष्ठ नागरिक क्ल तथा सन्जाल गठित सम्बन्धी कार्यविधि | २०७९ माघ १८ | २०७९ माघ १८ |
| २६ | विपद जोखिम बीमा सम्बन्धी कार्यविधि | २०८० | २०८० |
| २७ | आपतकालिन कार्य संचालन कार्यविधि | २०७९ आषाढ ९ गते | २०७९ आषाढ ९ गते |
| २८ | व्यावसाय निरन्तरता योजना | २०८० | २०८० |
| २९ | युवा क्लव गठन तथा परचालन कार्यविधि | २०८०।०९।१८ | २०८०।०९।१८ |
| ३० | अपाङ्गगता अधिकार प्रर्वद्धन कोष कार्यविधि | २०८०।०९।१८ | २०८०।०९।१८ |
| ३१ | गरिब संग स्थानीय सरकार संचालन कार्यविधि | २०८०।०६।२४ | २०८०।०६।२४ |

| | | | |
|---|---|---|---|
| ३२ | अश्व तवेला तथा कसगरहरुको कल्याणकारी एक सुरक्षित आवास कार्यक्रम संचालन कार्यविधि | २०८०।०९।२७ | २०८०।०९।२७ |
| ३३ | दाईजो प्रथा रोकथाम तथा उन्मुलन कार्यविधि | २०८१।०७।१४ | २०८१ |
| **निर्देशिका** | | | |
| १ | नेपालगञ्ज उप-महानगरपालिकाका वडा कार्यालयहरुको लेखापालन निर्देशिका २०७६,लेखापालन निर्देशिका २०७६, | २०७६ असोज ३० | २०७६ असोज ३० |
| २ | नगर वस सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६ | २०७६ साउन २३ | २०७६ साउन २३ |
| ३ | स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण निर्देशिका २०७६ | २०७६ जेष्ठ ३ | २०७६ जेष्ठ ३ |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण प्रवद्र्धन सम्वन्धी निर्देशिका, २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |
| ५ | मेलमिलाप निर्देशिका २०७६ | २०७७ भदौ ३१ | २०७७ भदौ ३१ |
| ६ | लैङ्गिक हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका | २०७६ चैत्र २ | २०७६ चैत्र २ |
| ७ | मेलमिलाप निर्देशिका | २०७६ भदौ ३१ | २०७६ भदौ ३१ |
| ८ | बालबिबाह मुक्त अभियान संचालन निर्देशिका | २०७८ असार ९ | २०७८ असार ९ |
| ९ | सार्वजनिक खरिद नियमावली, खण्ड ४ सख्या ३४ | २०७७ २ पौष पहिलो संसोधन | २०७७ २ पौष पहिलो संसोधन |
| १० | बालमैत्री स्थानिय शासन कार्यान्वयन निर्देशिका | २०७८ चैत्र १७ | २०७८ चैत्र १७ |
| ११ | वडा कार्यालयहरुको लेखा निर्देशिका | २०७६ | २०७६ |
| १२ | नेपालगंज उप-महानगरपालिका स्तरमा संचालनमा रहेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धीत न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिका | २०७८ चैत्र १७ गते | २०७८ चैत्र १७ गते |
| १३ | कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका | २०७९ | २०७९ |
| १४ | नगर विपद व्यवस्थापन स्वंय सेवक परिचालन निर्देशिका | २०८० पौष १८ गते | २०८० पौष १८ गते |

| निति | | | |
|---|---|---|---|
| १ | बाल संरक्षण | २०७५ | २०७६ |
| २ | नेपालगज उप-महानगरपालिकाको आम सञ्चार नीति | २०७८ माघ २ | २०७९ माघ २ |
| ३ | सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता सम्बन्धी नीत | २०८०।०९।१८ | २०८०।०९।१९ |
| **अन्य** | | | |
| १ | लैङ्गिक हिंसा निवारण रणनीति तथा वाल विवाह उन्मुलन कार्ययोजना २०७५-२०८० | २०७५ असार १८ | २०७५ असार १८ |
| २ | वाल संरक्षण नीति २०७५ | २०७५ माघ २७ | २०७५ माघ २७ |
| ३ | असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्वन्धी मापदण्ड २०७६ | २०७६ चैत्र ३० | २०७६ चैत्र ३० |

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

आ.व. २०८१।०८२ को श्रावण १ गतेदेखि २०८१ पुषमसान्तसम्मको आर्थिक कारोवारको विवरण यसप्रकार रहेको छ :

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/०९/२९ | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** | **मौज्दात** |
| १.०० | आर्थिक विकास | ४८,७३१,०००.०० | ८,४५०,०४६.०० | १७.३४ | ४०,२८०,९५४.०० |
| १.०० | कृषि | १४,६०८,०००.०० | २,८६७,०९६.०० | १९.६३ | ११,७४०,९०४.०० |
| २.०० | उद्योग | ८,३५०,०००.०० | २२७,४१२.०० | २.७२ | ८,१२२,५८८.०० |
| ३.०० | पर्यटन | १,०५०,०००.०० | - | - | १,०५०,०००.०० |
| ४.०० | सहकारी | १,५२८,०००.०० | २००,०००.०० | १३.०९ | १,३२८,०००.०० |
| ५.०० | वित्तीय क्षेत्र | १०,९४०,०००.०० | ३,९६६,३००.०० | ३६.२६ | ६,९७३,७००.०० |
| ६.०० | जलश्रोत तथा सिंचाई | २००,०००.०० | - | - | २००,०००.०० |
| ७.०० | बन | ६००,०००.०० | २२,३००.०० | ३.७२ | ५७७,७००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.०० | पशुपन्छी विकास | ८,८०५,०००.०० | १,०६७,०५२.०० | १२.१२ | ७,७३७,९४८.०० |
| ९.०० | वाणिज्य | २,६५०,०००.०० | ९९,८८६.०० | ३.७७ | २,५५०,११४.०० |
| २.०० | सामाजिक विकास | ७२०,५८८,८२४.४६ | २५२,०५६,७१३.९० | ३४.९७ | ४६८,५३२,११०.५६ |
| १.०० | शिक्षा | ५०९,९०७,९९९.०० | १९७,३८४,३४६.०० | ३८.७१ | ३१२,५२३,६५३.०० |
| २.०० | स्वास्थ्य | ११८,७६१,८१५.४६ | ४२,६३६,२११.०६ | ३५.९० | ७६,१२५,६०४.४० |
| ३.०० | खानेपानी तथा सरसफाई | २६,८९०,५१०.०० | ५,८३०,०९९.८४ | २१.६८ | २१,०६०,४१०.१६ |
| ४.०० | भाषा तथा संस्कृति | ६,२८४,०००.०० | ९२७,९६७.०० | १४.७७ | ५,३५६,०३३.०० |
| ५.०० | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३४,४९०,०००.०० | २,५३०,०१७.०० | ७.३४ | ३१,९५९,९८३.०० |
| ६.०० | युवा तथा खेलकुद | १४,१३६,०००.०० | ८६४,२७०.०० | ६.११ | १३,२७१,७३०.०० |
| ७.०० | जनसंख्या तथा बसाईसराई | ७२०,०००.०० | ९०,०००.०० | १२.५० | ६३०,०००.०० |
| ८.०० | सामाजिक सुरक्षा तथा संरक्षण | ९,३९८,५००.०० | १,७९३,८०३.०० | १९.०९ | ७,६०४,६९७.०० |
| ३.०० | पूर्वाधार विकास | ५०१,४८१,७४०.९८ | ३५,६८९,३४२.१६ | ७.१२ | ४६५,७९२,३९८.८२ |
| १.०० | यातयात पूर्वाधार | २५१,४३०,६०८.९७ | १२,६७४,३१९.८९ | ५.०४ | २३८,७५६,२८९.०८ |
| २.०० | भवन आवास तथा सहरी विकास | १५६,८७२,४७९.३८ | १६,६५७,६०६.०० | १०.६२ | १४०,२१४,८७३.३८ |
| ३.०० | उर्जा | १६,००१,०००.०० | २,०३१,८८०.७६ | १२.७० | १३,९६९,११९.२४ |
| ४.०० | संचार तथा सूचना प्रबिधि | ६,७००,०००.०० | - | - | ६,७००,०००.०० |
| ५.०० | सम्पदा पूर्वाधार | ६५,५६७,६५२.६३ | ३,७४३,९१६.५१ | ५.७१ | ६१,८२३,७३६.१२ |
| ६.०० | बिज्ञान तथा प्रबिधि | १,०००,०००.०० | - | - | १,०००,०००.०० |
| ७.०० | पुनर्निर्माण | ३,९१०,०००.०० | ५८१,६१९.०० | १४.८८ | ३,३२८,३८१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.०० | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६९,९४९,९९८.०० | १८,२२३,५९५.६१ | २६.०५ | ५१,७२६,४०२.३९ |
| १.०० | वातावरण तथा जलवायु | १०,०००.०० | - | - | १०,०००.०० |
| २.०० | विपद व्यवस्थापन | ३,०८०,०००.०० | - | - | ३,०८०,०००.०० |
| ३.०० | मानब संशाधन विकास | ५,६७५,०००.०० | १६२,७२६.०० | २.८७ | ५,५१२,२७४.०० |
| ४.०० | शान्ति तथा सुव्यवस्था | ४००,०००.०० | - | - | ४००,०००.०० |
| ५.०० | कानुन तथा न्याय | ७०४,०००.०० | २४७,४००.०० | ३५.१४ | ४५६,६००.०० |
| ६.०० | शासन प्रणाली | ८३०,०००.०० | ७५,०४४.०० | ९.०३ | ७५४,९५६.०० |
| ७.०० | तथ्यांक प्रणाली | ७५,०००.०० | - | - | ७५,०००.०० |
| ८.०० | श्रम तथा रोजगारी | १२,३७४,०००.०० | १,६११,५५१.०० | १३.०२ | १०,७६२,४४९.०० |
| ९.०० | योजना तर्जुमा र कार्यन्वयन | ४,१४९,९९८.०० | - | - | ४,१४९,९९८.०० |
| १०.०० | अनुगमन तथा मूल्यांकन | ५४०,०००.०० | - | - | ५४०,०००.०० |
| ११.०० | प्रशासकीय सुशासन | १,३६२,०००.०० | ९६,०००.०० | ७.०५ | १,२६६,०००.०० |
| १२.०० | वित्तीय सुशासन | ४०,७५०,०००.०० | १६,०३०,८७४.६१ | ३९.३४ | २४,७१९,१२५.३९ |
| ५.०० | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४२४,९७४,७८०.०० | १४४,४१४,६७६.६६ | ३३.९७ | २८०,५६०,१०३.३४ |
| १.०० | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४२४,९७४,७८०.०० | १४४,४१४,६७६.६६ | ३३.९७ | २८०,५६०,१०३.३४ |
| | **कुल जम्मा** | **१,७६५,७२६,३४३.४४** | **४५८,८३४,३७४.३३** | **२५.९८** | **१,३०६,८९१,९६९.११** |

## (१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ। त्यसैगरी मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएकोछ।